म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक १७९ बुधबार २४ माघ २०८० ने. सं. ११४४ पोहेलागा 7 February 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## फागुनको दोश्रो साता हिउँदे अधिवेशन बोलाउने प्रदेश सरकारको तयारी

हेटौंडा, २३ माघ/बागमती प्रदेश सरकारले फागुनको दोश्रो साता हिउँदे अधिवेशन बोलाउने तयारी गरेको छ । प्रतिपक्षी दलहरु एमाले र राप्रपाले सरकारले अधिवेशन बोलाउन ढिलाई गरिरहेको बताइरहँदा मंगलबार बसेको मन्त्रीपरिषद् बैठकमा हिउँदे अधिवेशनबारे छलफल भएको मुख्यमन्त्री शालिकराम जम्कट्टेलले जानकारी दिए । कांग्रेसको महासमिति बैठक र माओवादी केन्द्रको विधान अधिवेशन रहेकोले फागुनको दोश्रो हप्ता मात्र सरकारले अधिवेशन बोलाउने तयारी गरेको उनले बताए । यसैगरी मन्त्रीपरिषद् बैठकले राष्ट्रिय योजना आयोगको माग अनुसार संघीय समपुरक र विशेष अनुदानको लागि १०-१० वटा योजना सिफारिस गर्ने निर्णय गरेको छ । अघिल्लो आर्थिक वर्षमा निर्माण कार्य सम्पन्न भएको तर, भुक्तानी गर्न बाँकी रकम भुक्तानी गर्ने निर्णय भएको मुख्यमन्त्री जम्कट्टेलले जानकारी दिए । मुख्यमन्त्री जम्कट्टेलले केही प्रक्रिया पूरा गर्नुपरेको कारण निर्माण कार्यको भुक्तानी गर्न ढिलाई भएको बताए ।

हेटौंडा औद्योगिक क्षेत्रः

# चार उद्योगको सम्झौता खारेज, ११ को प्रक्रिया सुरु





साझाकुरा संवाददाता

हेटौंडा, २२ माघ/उद्योग सञ्चालनका लागि अनुमति लिएर सञ्चालन नगर्ने हेटौंडा औद्योगिक क्षेत्रका चार उद्योगको सम्झौता खारेज गरिएको छ । २०७९ असोज २ गते उद्योगको सम्झौता खारेज प्रक्रिया सूचना निकालेर सुरु गरेको हेटौंडा औद्योगिक क्षेत्रमा हालसम्म चार उद्योगको मात्रै सम्झौता खारेज गरिएको हो ।

क्षेत्रफलका हिसाबले देशकै सबैभन्दा ठूलो मानिएको हेटौंडा औद्योगिक क्षेत्रमा ३२ सय २८ रोपनीमा फैलिएको छ । तर, पहिला संचालित उद्योगले जग्गा कब्जा गरिराखनु, वर्षौंदेखि उद्योग बन्द भए पनि शक्तिको आडमा जग्गा कब्जा गरेर राखिरहँदा नयाँ उद्योग खोल्न चाहनेहरु समस्यामा परेका छन् । हेटौंडा औद्यौगिक क्षेत्रमा अनुमति लिएर सञ्चालन नगर्ने उद्योगको सम्झौता खारेज प्रक्रिया अघि बढाइएको हो ।

औद्योगिक क्षेत्रले सञ्चालनमा नरहेका १५ वटा उद्योगलाई २ असोज २०७९ मै अल्टिमेटम दिईसकेको थियो । तर, हालसम्म दुई उद्योग मात्रै सञ्चालनमा ल्याइएको हेटौंडा औद्योगिक क्षेत्र व्यवस्थापक भोजराज विनाडीले जानकारी दिए । उनका अनुसार सञ्चालनमा नरहेको तर, जग्गा ओगटेरको बसेका उद्योगमध्ये बीवाईएस हेटौंडा प्रालि, नाथफुड्स ईन्डस्ट्रिज प्रालि, सनराईज कन्टेनर, लक्ष्मी पेन्टस उद्योगको सम्झौता खारेज गरिएको हो । सूचना निकालिएका १५ उद्योगमध्ये दामुचन्द्र प्रालि र अभिनास प्रालि उद्योगले भने नाम परिवर्तन गरी बाँकी रहेका सबै बक्यौता भुक्तानी गरेर सञ्चालनमा ल्याइएको क्षेत्र व्यवस्थापक बिनाडीले बताए ।

बिनाडीका अनुसार ९ उद्योगको सम्झौता खारेज प्रक्रियामा रहेको छ । जसमध्ये उद्योगको भौतिक निर्माण कार्य सरेर उद्योग सञ्चालनमा नल्याएका बानियाँ मल्टि प्रोडक्ट ईण्डष्ट्रिज, ग्रिनगोल्ड ईन्टर नेशनल प्रालि, थ्रीस्टार ग्रुप ईन्टर नेशनल प्रालि र सी एभरेष्ट बाईफुड नेपाल प्रालि उद्योगको सम्झौता खारेजको प्रक्रियामा रहेको छ । यसैगरी वर्षौंदेखि बन्द भई सञ्चालनमा नआएका उद्योगमध्ये शान्ति वनस्पति घ्यु उद्योग लिमिटेड, हिमालयन पोलिमर्श, नेवीको बिष्कुट, चुरियामाई काष्ट उद्योग र ईन्टरनेशनल उड सिजनीङ् सेन्टर प्रालिको पनि मापदण्ड हेरेर प्रक्रियामा जाने प्रमुख बिनाडीको भनाई छ ।

'सम्झौता गरेर जमिन ओगेट्ने काममात्र भयो, उद्योग सञ्चालन भएन । फलस्परुप कार बाहीको प्रक्रिया अगाडि बढाएका छौं', विनाडीले भने । उनका अनुसार केही उद्योगका सम्झौता खारेज गर्दा जिल्ला अदालत मकवानपुरमा मुद्दासमेत दायर गरिएका छन् । हेटौंडा-८ मा रहेको औद्योगिक क्षेत्रमा एक सय ४७ मध्ये एक सय १५ वटा उत्पादनमूलक उद्योग सञ्चालनमा छन् । बन्द भइसकेकामा नौ, निर्माणाधीन २३ उद्योग रहेका कार्यालयबाट प्राप्त तथ्यांकमा जनाइएको छ । ती उद्योगमध्ये अधिकांशको आर्थिक अवस्था कमजोर रहेको बताइएको छ ।

यद्यपि गत आर्थिक वर्ष २०७९/८० मा हेटौंडा औद्योगिक क्षेत्रमा संचालित ५ वटा उद्योगले क्षेत्र नै छाडेर गएको औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालयले जनाएको छ । एक वर्षको अवधिमा हेटौंडा औधोगिक क्षेत्रमा संचालित दामुचन्द्रमाला काष्ठ उद्योगले ३.०० रोपनी क्षेत्रफल छाडेर गएको छ । चुरियामाई काष्ठकला उद्योगले ४.०४ रोपनी, भविष्य मैदा मिल एण्ड हाईजिन प्रालिले १२.८८ रोपनी, रिजोइन क्वालिटी फुडस ई. प्रालिले ५४.२८ रोपनी, एप्पल पोलिमर्स प्रालिले ४०० रोपनी क्षेत्रफल छाडेर गएको औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालयले जनाएको छ ।

औद्यौगिक क्षेत्र व्यवस्थापनका अनुसार क्षेत्रमा यस अघि तीन सिफ्टमा सञ्चालन हुने उद्योग अहिले एक सिफ्टमा सञ्चालन हुने गरेका छन् । कतिपय उद्योग कहिले सञ्चालन हुने र कहिले बन्द हुने अवस्थामा रहेका व्यवस्थापक विनाडीले जानकारी दिए । उनका अनुसार पछिल्लो समय यहाँ सञ्चालित अधिकांश उद्योगको उत्पादन र बिक्री घट्दै गएको छ । उद्योगको अवस्था तीन वर्षयतादेखि दिनप्रतिदिन खस्किँदै गएको, लगानी अनुसार प्रतिफल प्राप्त नहुँदा नोक्सानी बढ्दै गएको विनाडीको भनाइ छ । कोरोना महामारीका साथै अन्य विभिन्न कारणले भएको आर्थिक तथा व्यावसायिक मन्दिले उद्योग र व्यवसायको अवस्था माथि उठ्न नसकेको उनले बताए ।

यसैबीच, उद्योगको आर्थिक अवस्था कमजोर हुँदै गएकाले भाडा दिनमासमेत समस्या भइरहेको उद्योगीको गुनासो छ । यहाँ सञ्चालित उद्योगबाट उत्पादित सामग्रीको लागत धेरै हुनु, बिक्री नहुनु, बजार व्यवस्थापनमा समस्या, आर्थिक मन्दिलगायत कारणले कमजोर बन्दै गएका उद्योग संघ हेटौंडाका पूर्वअध्यक्ष लेखराज पोखेलले बताए । यस क्षेत्रमा निर्माणसम्बन्धी सामग्री उद्योग पाँच, प्लाष्टिक सामग्रीसम्बन्धी २८, विद्युतीय सामग्रीसम्बन्धी तीन, खाद्यान्न तथा पेय पदार्थका ११, फर्निचरका छ, इञ्जिनियरिङ सेवातर्फ १५, प्याकेजिङ सामग्रीतर्फ पाँच, केमिकलतर्फ ११, पोल्ट्री तथा दाना उद्योगतर्फ दुई, टेक्सटायल उद्योतर्फ एक, खानीजन्यतर्फ तीन र अन्यमा १० वटा उद्योग सञ्चालित छन् ।

हेटौंडा औद्योगिक क्षेत्रभित्र सरकारी र गैरसरकारी कार्यालय तथा विभिन्न संघसंस्थातर्फ ११ कार्यालय रहेका छन् । यस औद्योगिक क्षेत्रको विसं २०२० मङ्सिर २० गते अमेरिकी सरकारको सहयोगमा स्थापना भएको थियो ।

# ट्राफिक कारबाहीबाट एक करोड रुपैयाँ राजस्व संकलन

साझाकुरा संवाददाता

हेटौंडा, २३ माघ/ मकवानपुरमा ट्राफिक कारबाहीबाट एक करोड १६ लाख रुपैयाँ राजस्व संकलन भएको छ । पछिल्लो छ महिनाको अवधिमा जिल्ला ट्राफिक प्रहरी कार्यालयले मकवानपुरमा गरेको ट्राफिक कारबाहीबाट यो रकम संकलन गरेको हो ।

ट्राफिक कारबाहीबाट चालु आर्थिक वर्षको पुस मसान्तसम्ममा कुल एक करोड १६ लाख चार हजार रुपैयाँ राजस्व संकलन गरेको ट्राफिक प्रहरीले जनाएको छ । जिल्ला ट्राफिक प्रहरी कार्यालय मकवानपुरका कार्यालय प्रमुख एवम प्रहरीनिरीक्षक वसन्त आचार्यका अनुसार ट्राफिक नियम उल्लंघन गर्ने १५ हजार ८५५ सवारी साधनको कारबाहीबाट यो राजस्व असुल भएको हो ।

गत आर्थिक वर्ष २०७९/८० मा तीन करोड ६९ लाख ६७ हजार रुपैयाँ ट्राफिक कारबाहीबाट राजस्व रकम संकलन भएको थियो । यो वर्ष छ महिनाको अवधिमा आधाभन्दा कम रकम संकलन भएको ट्राफिक प्रहरीप्रमुख आचार्यले बताए । ट्राफिक सचेतना फैलाएसँगै जिल्लामा ट्राफिक नियम उल्लंघन गर्ने क्रम घटेकाले राजस्वको रकम संकलनमा पनि कमी आएको आचार्यको भनाइ छ ।

जिल्ला ट्राफिक प्रहरी कार्यालयका अनुसार बिनाअनुमति सवारी चलाउने, सवारी साधनको कागजात ठीक नभएका वा अवैध कागजात भएको, मादकपदार्थ सेवन गरेर सवारी चलाउनेलगायतलाई गरिएको कारबाहीबाट राजस्व असुल गरिएको हो । चालु आवमा सबैभन्दा बढी मङ्सिर महिनामा २७ लाख २४ हजार रुपैयाँ तथा सबैभन्दा कम साउन महिनामा १२ लाख १२ हजार राजस्व संकलन भएको छ । ट्राफिक कारबाहीमा सबैभन्दा बढी मोटरसाइकल चार हजार ७४४ र सबैभन्दा कम ट्याक्टर २९४ कारबाहीमा परेको तथ्यांक छ ।

चालु आवको छ महिनामा तोकिएको क्षमताभन्दा बढी भार (ओभरलोड) बोक्ने एक हजार ५६४ सवारीलाई कारबाही गरिएको छ । ओभरलोड बोक्ने एक हजार ५२६ सवारी कारबाहीबाट १५ लाख ७१ हजार रुपैयाँ र यातायात कार्यालयमार्फत् ३८ सवारी कारबाहीबाट ६ लाख २६ हजार ६४५ रुपैयाँ राजस्व संकलन गरेको हो ।

जिल्ला ट्राफिक प्रहरी कार्यालय मकवानपुरका कार्यालय प्रमुख आचार्यले ओभरलोडका कारण दुर्घटना हुनुका साथै सडकसमेत बिग्रिएकोले ओभरलोड नियन्त्रण गर्न प्रहरी लागि परेको बताए ।

ट्राफिक प्रहरीले आव २०७७/७८ मा ३२ हजार २३९ सवारी कारबाहीबाट दुई करोड ७१ लाख ६ हजार ५००, आव २०७८/७९ मा ३० हजार ३२७ सवारी कारबाहीबाट दुई करोड ३६ लाख ९० हजार ५०० र आव २०७९/८० मा ४७ हजार ८९९ सवारी कारबाहीबाट तीन करोड ६९ लाख ६७ हजार राजस्व संकलन गरेको तथ्यांक छ । गत आवको तुलनामा चालु आवको छ महिनाको तथ्यांकलाई आधार मान्दा सवारी साधन कारबाही संख्या र राजस्व दुवै आधा घटेको छ ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३२३

"Education is the real treasure"
2055 HETAUDA ACADEMY 1998
EDUCATION IS THE REAL TREASURE
25 Years of
Excellence in Education
Celebrating Silver Jubilee
11 days to go
HETAUDA ACADEMY
Residential Secondary School
Shahid Smarak, Hetauda-11, Makawanpur, Nepal
☎057-525548 ☎057-525547 ☎057-523547
www.hetaudaacademy.edu.np | info@hetaudaacademy.edu.np

## हाम्रो कुरा

# गौरीटारमा रौनक

हेटौंडामा जारी छैठौं संस्करणको स्थानीय तह शहीदस्मृति मकवानपुर गोल्डकपका कारण गौरीटार रंगशाला पुनः गुल्जार हुँदै गएको छ । गौरीटार रंगशालामा भएको खेलका कारण २०३९ पछिका दिनमा करिव ४ दसकपछि गुल्जार हुँदै गएको हो । २०३९ सालमा प्रथम अन्तरनगर खेलकूद प्रतियोगिता संचालन भएको गौरीटार रंगशालामा यतिबेलासम्म धेरै संरचना निर्माण भइसक्नु पर्ने थियो । यसअघि श्रमिक मावि कर्राबाट आइसोलेसन हटाउने निर्णयअनुसार गौरीटारको केन्द्रीय खेलकुद प्रतिष्ठान (रंगशाला) को छात्रावास भवनमा स्थानान्तरण गरिएको थियो । रंगशालको छात्रावाससँगै रहेको कभर्डहलमा समेत संक्रमित राखिएको थियो । गौरीटारमा संघीय सरकारको करिब १० करोड रुपैयाँ खर्च भइसकेको छ । प्रतिष्ठानमा फुटबल मैदान, कभर्डहल, पौडीपोखरी, महिला तथा पुरुषको छुट्टाछुट्टै आवास कक्ष, रिक्रिएसन कक्ष, औषधोपचार कक्ष र प्रशासनिक भवन निर्माण गर्ने योजना छ । प्रदेश सरकारले आफनो गौरवको योजनाअन्तर्गत बहुवर्षे योजनाको रुपमा प्रतिष्ठानलाई अगाडि बढाएको छ ।

२३ बिघा जमिनमा फैलिएको प्रतिष्ठानमा खेलाडी बसोबास गर्ने सुविधायुक्त छात्रावासको निर्माण गरिएको छ । ३८ कोठाको छात्रावासमा एकसय २० खेलाडी सजिलै अट्ने छन् । खेलाडीका लागि क्यान्टिन पनि तयारी भइसकेको छ । प्रतिष्ठानभित्र विद्युत र पानीको व्यवस्था गरिएको छ । तत्कालीन अवस्थामा ३ अर्ब लगानीमा निर्माण सम्पन्न गर्ने लक्ष्यसाथ २०६६ जेठ २८ मा तत्कालीन प्रधानमन्त्री माधवकुमार नेपालले प्रतिष्ठानको शिलान्यास गरेका थिए । तीन वर्षभित्र प्रतिष्ठानको निर्माण कार्य सम्पन्न गर्ने योजना रहेको थियो तर, बजेट अभावको कारण देखाउँदै सरकारले हालसम्म पूर्बाधारका काम सुरु मात्र गरेको छ । केन्द्रीय प्रतिष्ठान निर्माणका लागि हालसम्मका सरकारले एकेडेमीका लागि खासै बजेट छुट्याएका छैन । जसले गर्दा निर्माण कार्य अगाडि बढ्न सकेन । हेटौंडामा खेलकुद प्रतिष्ठान निर्माण गरेर राष्ट्रिय र अन्तर्राष्ट्रियस्तरका खेलाडी उत्पादन गर्ने लक्ष्य लिइएको थियो । ६ वटा प्रशासनिक रुम भएको भवनमा क्यान्टिन, कन्फरेन्सहलहरु सदुपयोग हुन सकेको छैन । रंगशाला निर्माण गर्ने भनेर तत्कालीन माधव नेपालको सरकार तामझामसहित शीलान्यास गरेको भएपनि त्यसपछि करिव १५ वर्षको अवधिमा कूल लागतको १० प्रतिशत पनि रकम बिनियोजन गर्न सकेन । १५ वर्ष अघिको ३ अर्ब रुपैयाँमा हुने विकास निर्माण कार्य अहिले त्यो रकममा निर्माण सम्भव छैन । नेपालमा खेल क्षेत्रमा सरकाले लगानी गर्न सकेको छैन भन्ने कुराको प्रमाण यो गौरीटारको रंगशाला पनि हो ।

कूल बजेटको १ प्रतिशत मात्रै खेल क्षेत्रलाई छुट्याइदिने हो भने नेपाली खेलाडीले धेरै राम्रा काम गर्ने थिए । तर, खेल क्षेत्रमा लागेर परिवार पाल्न सक्ने अवस्था नै नभएपछि खेलाडी पलायन रोकिएको छैन । राम्रो खेलाडीलाई टिकाउने सरकारसँग कुनै योजना पनि छैन । सुरक्षा निकायमा जागिरे भएका खेलाडीले परिवार पाल्न बाहेक अरु उपलब्धी हासिल गर्न सकेका छनैनन् । सरकारको ध्यान खेलक्षेत्रमा जानै सकेको छैन । स्थानीय सरकारले पनि अध्यक्ष कप र उपाध्यक्ष कप प्रतियोगिता संचालन गर्नेबाहेक खेलाडी उत्पादन गर्ने योजना ल्याउन सेकेका छैनन् । खेलाडी उत्पादन गर्न विद्यालय तहमै लगानी बढाउनु जरुरी छ । विद्यालयमै खेलमैदान निर्माण गर्नु जरुरी छ । तर, राष्ट्रपति रनिङशील्ड बाहेक विद्यालय तहमा कुनै खेलकूद प्रतियोगिता संचालन हुन सकेको छैन ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८० माघ २५ गते विहीबार ८ फेब्रुअरी २०२४ । त्रयोदशी, माघ कृष्णपक्ष । पोहेलागा ११४४ ने.सं. । सूर्योदय ६:४९, सूर्यास्त ५:४८ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : आरोप प्रत्यारोपको सामना | **तुला** | : मित्रबर्गबाट धोका |
| **वृष** | : ऋण नाश | **वृश्चिक** | : सम्पत्ति सम्बन्धी विवाद |
| **मिथुन** | : खर्च वृद्धि | **धनु** | : कार्यगत उतारचढाव |
| **कर्कट** | : आफन्तबाट चिन्ता | **मकर** | : आर्थिक सिद्धि |
| **सिंह** | : इष्ट सिद्धि | **कुम्भ** | : कार्य सिद्धिमा विलम्ब |
| **कन्या** | : न्यायिक कार्यमा सफलता | **मीन** | : परिवारमा कलह |

# त्रिवि सुधार्ने अबको बाटो



✍बसन्त न्यौपाने

मुलुककै जेठो र केन्द्रीय विश्वविद्यालय, ३० असार २०१६ मा स्थापित त्रिभुवन विश्वविद्यालय नेपालको शिक्षा क्षेत्रमा सबैभन्दा महत्त्वपूर्ण शैक्षिक संस्थाहरूमध्ये एक हो । यो विश्वविद्यालयले राष्ट्रभर शिक्षा पुऱ्याउँदा महत्त्वपूर्ण भूमिका निभाएको र यसले शिक्षा तथा अनुसन्धानको क्षेत्रमा योगदान पनि प्रदान गरेको छ ।

नेपालको हालसम्म उच्च शिक्षाको कुल शैक्षिक भारमध्ये ८० प्रतिशत भन्दा बढी यसले बहन गर्दै आइरहेको छ । यसको सञ्जाल मनाङ जिल्ला बाहेक ७६ वटै जिल्लामा विस्तार भइसकेको छ । मुलुककै जेठो र केन्द्रीय त्रिभुवन विश्वविद्यालय जहाँ पढेका व्यक्ति राज्यका विभिन्न निकायमा कार्यरत र आफ्नो कार्यकौशलता प्रस्तुत गर्न सफल छन्, तर यो आफैं भने दिन प्रतिदिन धरासायी बन्दै गइरहेको छ, अर्थात् अझ बनाईंदैछ ।

संसारभरिका उत्कृष्ट विश्वविद्यालयमा १००० भित्र अटाउँदै आएको यो विश्वविद्यालय अहिले निरन्तर तलतिर धकेलिंदो छ । यो ओरालो यात्रालाई नरोक्ने हो भने निकट भविष्यमै हामी देश जस्तै अन्तिमतिरबाट गणना गर्दा अगाडि आउने तहमा पुग्दैछौं । तसर्थ सम्पूर्ण सरोकारवालाहरु चिन्तित हुन जरुरी छ ।

त्रिवि पछिल्लो वर्षहरूमा १००० देखि १३०० बीचमा पर्न थालेको छ, एशियामा पनि १०० स्थान भन्दा हामी तल जाँदैछौं । यो गर्विलो इतिहासलाई धुलिसात् बनाउने कि बेलैमा सच्चिएर अगाडि बढ्ने भन्ने गहन प्रश्न समयले हामीलाई छाडेको छ ।

आजको विश्वभरि भएका शिक्षार्थीहरूको आवश्यकता पूरा गर्नका लागि विश्वविद्यालयहरू अझै बढी महत्त्वपूर्ण बनेका छन् । यसको परिणाम स्वरूप, शैक्षिक संस्थाहरूले शिक्षामा व्यावहारिक अभ्यास, अनुसन्धानमा व्यापकता, विश्वव्यापी दृष्टिकोण र अध्यापक र विद्यार्थीबीचमा सन्तुलन र यसको दिगो संरक्षणमा राज्यको पूर्ण सहयोग र संलग्नता हुन जरुरी छ ।

प्रविधि र सामाजिक जटिलताहरूको प्रगतिले विश्वविद्यालयहरूलाई अझ नवीन ढंगले आफ्नो बृहत्तर विकास गर्दै उच्च सांस्कृतिक तथा शैक्षिक दायरा फराकिलो बनाउन तथा बढाउन बाध्य बनाउँछ जुन आजको विश्वव्यापी मान्यता पनि हो ।

त्रिभुवन विश्वविद्यालयका पूर्वउपकुलपति केदारभक्त माथेमाले विश्वविद्यालय मृत हुन लागेको भनेर दिएको अभिव्यक्तिले धेरैको मथिङ्गल हल्लियो । शिक्षामा चासो राख्ने, विश्वविद्यालयप्रति चासो राख्ने, देश भित्र बाहिर सबैतिरबाट चासो र चिन्ता व्यक्त हुन थाल्यो । सदन, सरकार र सामाजिक सञ्जाल सबैतिर यसले पर्याप्त स्थान ओगट्यो । सरकार प्रमुखले यसको विषय र गाम्भीर्यलाई विचार गरेर अब हुने पदाधिकारी नियुक्तिमा भागबन्डा नगर्ने भनेर भन्दै आउनुभएको छ ।

यो सकारात्मक कुरा हो तथापि सरकारको कार्यशैली त्यो अनुरुपको छैन जसको पछिल्लो उदाहरण उपकुलपति नियुक्तिको लागि जारी सूचनालाई लिन सकिन्छ । व्यापक जनदबाब र आलोचनापछि उक्त कुरा सच्याइए पनि उसको काम कारबाहीमा प्रशस्त शंका गर्नुपर्ने आधार बाँकी नै छ । नत्र भने प्रधानमन्त्री यस्ता सानामसिना कुरामा किन अड्किनुपर्छ ?

संसारभरि राम्रा विश्वविद्यालयहरुले प्रयोग गर्दै आइरहेको बोर्ड अफ ट्रष्टी बनाउन र यसैका माध्यमबाट विश्वविद्यालयका सबै पदमा प्रतिस्पर्धा गराउन यो सरकारलाई कसले रोकेको छ ? तसर्थ हाम्रा विश्वविद्यालय सुधार्न गोहीका आँसु हैन सरकारको उचित पहलकदमी आवश्यक छ, यो बाटोमा हामी हिंडन जरुरी छ ।

प्रधानमन्त्री नै विश्वविद्यालयको कुलपति हुने परम्परा विपरीत योगमाया आयुर्वेद विश्वविद्यालयले प्रधानमन्त्रीलाई कुलपति नराख्ने गरी विधेयक संशोधन समेत गरेको छ । विश्वविद्यालयले शैक्षिक क्षेत्रमा उच्च योगदान दिएका जुनसुकै व्यक्तिलाई पनि विश्वविद्यालयमा ल्याउन सकिने भएको छ । कार्यान्वयन गर्न अझै पनि केही जटिलता रहेका छन् । तर, हाम्रा विश्वविद्यालयहरु जानुपर्ने बाटो भनेको त्यही हो ।

त्रिभुवन विश्वविद्यालय एउटा कारणले मात्र बिग्रिरहेको छैन, विभिन्न समस्याले यसलाई एकसाथ थिचिरहेका छन्, अझ समस्याग्रस्त बनाउँदै छन् । विभिन्न समस्याको परिणाम आज त्रिवि दिन प्रतिदिन कमजोर बन्दै गैरहेको छ ।

यसको एक प्रमुख कारण त्रिविको खस्कँदो शैक्षिक गुणस्तर हो, जसले शिक्षार्थीहरूलाई उच्च गुणस्तरमा शिक्षा प्रदान गर्नमा असमर्थ बनाएको छ । विश्वविद्यालयमा हुने चरम राजनीतिक भागबन्डाका कारणले यसको समग्र पक्षमा गहिरो नकारात्मक प्रभाव त परेकै छ अझ त्यसैका आधारमा हुने विभिन्न पदाधिकारीहरूको नियुक्तिले झन् त्यो समस्यालाई बढाइरहेको पाउन सकिन्छ । चरम राजनैतिक भागबन्डा यसको प्रमुख समस्या हो भनेर सबैले अनुभूति गर्दा पनि उक्त समस्यालाई निराकरणमा उदासीन हुने र सार्वजानिक खपतका लागि सस्ता कुरा गर्ने यो विश्वविद्यालयलाई बिगार्ने सबैभन्दा दूषित पात्रहरु हुन् भनेर भन्नलाई कुनै साइत हेरिरहनुपर्दैन ।

त्रिभुवन विश्वविद्यालय अहिले समस्यामा छ र यो समस्या एकाएक प्रकट भएको होइन । हिजोका गलत निर्णय, गलत नेतृत्व, गलत नीति र राजनीतिका नाममा गरिएका गलत हस्तक्षेपको प्रभाव अहिले सघन रुपमा देखापरेको मात्र हो । विश्वविद्यालयमा विद्यार्थी भएनन् भनेर चिन्ता व्यक्त गर्नेले यसको कारण खोज्न लागेनौं, चरम राजनीति भयो भन्नेले सुधार गर्न लागेनौं, अध्यापन अनुसन्धानमा व्यस्त हुनुपर्ने विश्वविद्यालयका प्राध्यापकहरु दुई-चार पैसाको लोभमा हामी अन्तै बहकियौं ।

कुनै पनि राजनीतिक दलका बैठकमा विश्वविद्यालयको गुणस्तर सुधारको बारेमा छलफल गर्दैनौं तर बाहिर ठूलो स्वरमा हल्ला गर्दछौं, सदनमा सडकमा कहीं कतै शीर्ष नेताले यसबारे चासो, चिन्ता व्यक्त गरेको पाइँदैन । न त कुनै विद्यार्थी संगठन नै विश्वविद्यालय सुधार का लागि रचनात्मक आवाज उठाउँछ ।

राजनैतिक मुद्दामा सडक तताउने विद्यार्थीहरु आफ्नै भविष्य जोडिएको यसका बारेमा गम्भीर बन्दैनन्, खासै बोल्दैनन् । र, सबैभन्दा महत्वपूर्ण कुरा, सरकार जो सबैभन्दा जिम्मेवार बन्नुपर्ने हो उ आफैं रमिते बनेर बसिरहेको छ कुनै चासो नै नभए जस्तो गरिरहेको छ । त्रिभुवन विश्वविद्यालयले अहिलेसम्म अनेक चुनौती र परिस्थितिको सामना गर्दै आइरहेको छ । यसले उच्च शिक्षा तथा अनुसन्धानको क्षेत्रमा आफूलाई स्थापित गरेको छ, तर अझ राम्रोसँग आफूलाई अब्बल बनाएर अगाडि जानको लागि केही सुधार गर्न जरुरी छ । त्रिभुवन विश्वविद्यालयको अहिलेको परिस्थितिमा आफूलाई निम्न कुरामा सुधार गरेर अगाडिको बाटो तय गर्नुपर्ने आवश्यकता छ ।

**१. शैक्षिक गुणस्तर र तथ्यगत प्रगति**

त्रिभुवन विश्वविद्यालयले शैक्षिक गुणस्तर बढाउन र तथ्यगत प्रगति गर्नका लागि आफूले नयाँ शैक्षिक योजनाहरू प्रारम्भ गरेको छ, तथापि यसले आफूलाई तथ्यगत विकासमा चुनौतीहरू देखाएको छ । शैक्षिक प्रणालीमा नै सुधार गर्दै जाने आवश्यकता छ र यो विश्वविद्यालयलाई नयाँ प्रणालीमा परिवर्तन चाहिएको छ ।

**२. अद्यावधिक शैक्षिक पाठ्यक्रमहरू**

त्रिभुवन विश्वविद्यालयले आफ्नो पाठ्यक्रमहरूलाई अद्यावधिक गर्दै, विशेषगरी अनुसन्धान र व्यावहारिक ज्ञानलाई विकास गर्ने गरी पठ्यक्रम बनाई विद्यार्थीलाई विश्वव्यापी रुपमा प्रतिस्पर्धी बनाउन सकिने गरी प्रयास गर्न जरुरी छ । राज्यको अल्पकालीन र दीर्घकालीन आवश्यकता पहिचान गरी सोही अनुरुपका पाठ्यक्रमहरू विकास गर्नुपर्दछ जसले ज्ञानलाई व्यवहारमा जोड्नेछ भने सीपले व्यक्तिको आवश्यकता पूरा गर्नुका साथै राज्यको संसाधन व्यवस्थापनमा समेत महत्वपूर्ण भूमिका खेल्नेछ । जसकारणले अहिले घट्दै गएको आकर्षणलाई फेरि पुनर्जागरण गर्न मद्दत गर्नेछ ।

**३. अध्ययन अनुसन्धानमा उत्कृष्टता**

त्रिभुवन विश्वविद्यालयले अध्ययन र अनुसन्धानमा आफूलाई प्रमाणित गर्न सक्नुपर्दछ । विश्वविद्यालयमा अब्बल प्राध्यापकहरु हुनुहुन्छ तर विविध कारणले उहाँहरुले अवसर पाउनुभएको छैन, उहाँहरुको क्षमता पहिचान गर्दै राज्य र विश्वविद्यालयले अनुसन्धानलाई सपोर्ट गर्न जरुरी छ ।

हामीसँग भएका ४ वटा अनुसन्धान केन्द्र जुन अहिले हाजिर गरेर जागिर खाने थलोको रुपमा परिचित छन् तिनीहरुलाई अझ क्रियाशील बनाएर लैजानुपर्दछ । विश्वव्यापी प्रतिस्पर्धी बनाएर ठूला-ठूला अनुसन्धान नेपालमा गर्न सक्ने व्यक्तित्वहरुलाई ती अनुसन्धान केन्द्रमा जिम्मेवारी दिन जरुरी छ ।

**४. विश्वविद्यालय अध्यापकहरूको विकास**

उच्च शिक्षालाई उत्कृष्ट बनाए राख्नका लागि त्रिभुवन विश्वविद्यालयले आफ्ना अध्यापकहरूलाई नयाँ अनुसन्धान र शोधको क्षेत्रमा प्रोत्साहित गर्नुपर्छ । अन्तर्राष्ट्रिय अध्यापकहरूसँग समन्वय गरी उनीहरूलाई बाहिरका प्राध्यापकहरुसँगको सहकार्यमा काम गर्ने वातावरण बनाउन सके नयाँ-नयाँ सिकाइ हुने र त्यसले त्रिभुवन विश्वविद्यालयको शैक्षिक तथा अनुसन्धानात्मक क्षमता विकासमा सहयोग पुग्नुका साथै विद्यार्थीलाई राम्रा विश्वविद्यालयमा थप उच्च शिक्षाको लागि अवसर पनि खुल्नेछ ।

**५. अन्तर्राष्ट्रिय सहयोग र विश्वविद्यालयहरूसँग सहकार्य**

त्रिभुवन विश्वविद्यालयले विश्वभरि राम्रा उच्च शिक्षण संस्थाहरूसँग सहकार्य गरी योजना बनाएर अनुसन्धान, शिक्षा र प्रशासनको क्षेत्रमा अनुभव बढाउनुपर्छ । यो संस्कृतिले विश्वविद्यालयको समग्र पक्षाको सुधारमा सकारात्मक प्रभाव पर्दछ ।

**६. सूचनाप्रविधि र प्रणालीको सुधार**

त्रिभुवन विश्वविद्यालयमा नयाँ सूचना प्रणाली र प्रविधि लागू गरी शिक्षा तथा अनुसन्धानमा सुधार गर्नुपर्छ । अनलाइन पाठ्यक्रम तथा अनुसन्धान प्रक्रियाहरूले विश्वविद्यालयलाई गरिमामा पुऱ्याउन सहयोग पनि गरेको हुन्छ । नेपालको शैक्षिक समृद्धिमा यसले सहयोग पुऱ्याउँछ ।

नेपालको भौगोलिक एवं सांस्कृतिक विविधता र विशिष्टता अनुरुप दक्षिणएशियाको प्रमुख शैक्षिक गतव्य बनाउनको लागि विश्वविद्यालयलाई अझ बढी हवको रुपमा विकास गर्न आवश्यक छ । विश्वविद्यालयले वैश्विक दृष्टिकोणबाट पनि महत्त्वपूर्ण योगदान दिन सकोस् । तथापि, यसमा पनि विश्वविद्यालयले अझ बढी शक्ति र अनुसन्धानका लागि विभिन्न क्षेत्रहरूमा सहयोग गर्न सक्ने क्षमता बनाउन आवश्यक छ । स्थानीय आवश्यकता र माग बमोजिम उच्च शिक्षामा सीमान्तकृत र विपन्न वर्गको पहुँच स्थापित गर्न आवश्यक छ ।

पछिल्लो समय त्रिविका भौतिक सम्पत्तिहरू उसको स्वीकृति बेगर नेपाल सरकार ले हालै घोषणा गरिएका नयाँ विश्वविद्यालयहरूमा हस्तान्तरण गर्दै जाने कार्यलाई अन्त्य गराउन पहलकदमी लिनुपर्ने देखिन्छ । त्रिविलाई 'सेन्टर अफ एक्सिलेन्ट' बनाउने नेपाल सरकारको उद्देश्यलाई साकार पार्नको लागि छुट्याएको बजेटलाई सही ठाउँमा प्रयोग गर्न सक्नुपर्दछ । त्रिविमा हुने गरेका राजनीतिका फोहोरी खेललाई सदाका लागि अन्त्य गर्दै, बोर्ड अफ ट्रष्टी मार्फत अघि बढ्ने प्रतिबद्धता गर्नुपर्दछ ।

*(साभार: अनलाइनखबर)*

# जनता के चाहन्छन् ?

✍डा. निर्मल कँडेल

राजनीतिक दलहरूले सधैं निर्वाचनका मुखमा मात्र आफ्नो घोषणापत्र प्रस्तुत गर्छन् । जनताका आवश्यकता र अपेक्षा अनुरूपका आफ्ना घोषणालाई पूरा गर्ने रणनीति पनि दलहरूसँग हुनुपर्ने हो । तर देशको वर्तमान अवस्था हेरी प्रश्न उठ्छ– दलहरूलाई वास्तवमा आम नागरिकका आवश्यकता र अपेक्षाहरू के हुन् भन्ने थाहा होला र ? कति दलले आफ्नो दलीय सिद्धान्त पनि तय गर्न नसकिरहेको अवस्था छ ।

एक आम नागरिकका आवश्यकता यिनै हुन्– पर्याप्त पानी तथा बिजुलीसहितको बास, कुनै पेसा-व्यवसाय या रोजगारी जसले लाउन-खानको दुःख नहोस्, छोराछोरीहरूका लागि नजिकै गुणस्तरीय स्कुल तथा कलेज, उपचारका लागि अस्पताल, यातायातको व्यवस्था, निर्बाध बिजुली र इन्धनको आपूर्ति, सफा र पहुँचयोग्य बजार र सूचना तथा सञ्चारको पहुँच । योसँगै आफ्ना गुनासा वा समस्या राख्ने सरकारी निकायहरू पनि आवश्यक हुन्छन्, जसबाट आवश्यक विविध सेवा लिन सकिओस् ।

उल्लिखित आवश्यकता र अपेक्षाहरू सरल देखिए पनि सबैको पहुँचमा छैन । यसकै लागि राज्यसँग स्पष्ट अल्पकालीन, मध्यकालीन र दीर्घकालीन विकास र समृद्धिका योजनाहरू हुन आवश्यक छ । नवसमाजवादी पुँजीवादका आधारभूत सिद्धान्तका आधारमा प्रत्येक नागरिक्ले समानतामूलक, किफायती, गुणस्तरीय सेवाहरू सार्वजनिक वा निजी क्षेत्रहरूबाट लिन सक्छन् ।

जनताको आधारभूत आवश्यकता र अपेक्षा पूर्तिका लागि राज्यले विशेषगरी पाँच क्षेत्रमा ध्यान दिनुपर्ने हुन्छ– सुशासन, अर्थतन्त्र, शिक्षा, स्वास्थ्य र सेवाहरू । यी क्षेत्रको विकासका लागि नवसमाजवादी पुँजीवादले कसरी योगदान गर्न सक्छ, त्यसको विश्लेषण गरौं ।

**१) सुशासन**

सरकारबाट समान व्यवहार, भ्रष्टाचार मुक्त समाज, कानुनी व्यवस्था र आफ्ना प्रतिनिधि र सरकारमाथिको विश्वास नै प्रत्येक नागरिकका अपेक्षा हुन् । घुस, अतिरिक्त कागजी कार्य र निजामती कर्मचारीहरूको अहंकारको अपेक्षा उनीहरू गर्दैनन् ।

सम्बन्धित निकायमार्फत नागरिकलाई सहज रूपमा सेवा दिनु नै सरकारी कर्मचारीको कर्तव्य हो । आफूहरूको मासिक तलब जनताको करबाट आउँछ भन्ने कुरा उनीहरूले दिनहुँ मनन गर्न अत्यन्य जरुरी छ ।

मनको शान्ति हरेक नागरिकको ऊर्जा हो । कुनै पनि प्रकारको विभेद भोग्दा उनीहरूको ऊर्जामा नकारात्मक असर पुग्न सक्छ । तसर्थ सरकारले नातावाद, कृपावाद, पुरुषवाद, जातिवाद र वर्गीय पक्षधरताको आभास नगराई जनतालाई समतामूलक रूपमा सेवा-सुविधा प्रदान गर्नुपर्छ ।

जब सरकारले समतामूलक सेवा सुनिश्चित गर्छ, प्रत्येक नागरिकलाई सम्मान गर्छ र उनीहरूको आवश्यकता र सरोकारलाई सम्बोधन गर्छ, जनताको पनि सरकारप्रतिको समग्र विश्वास बढ्छ ।

**२) अर्थतन्त्र**

कृषि, उद्योग, शिक्षा, स्वास्थ्य र सेवा क्षेत्रहरू चलायमान वा क्रियाशील नभई देशको विकास भएको मान्न सकिँदैन । यिनको क्रियाशीलताका लागि लगानी र स्रोत परिचालन गर्न बलियो तथा प्रभावशाली आर्थिक प्रणाली चाहिन्छ । तसर्थ सरकारसँग दीर्घकालीन विकासको रणनीति चाहिन्छ । सरकारले उच्च प्रभाव र प्रतिफल भएको क्षेत्रमा लगानी केन्द्रित गर्नुपर्छ । राज्यले दुई प्रकारको लगानीलाई प्राथमिकता राख्न जरुरी छ– नाफामुखी र सामाजिक कल्याण ।

लाभदायक वा नाफामुखी लगानीले कृषि, पर्यटन, उद्योग, ऊर्जा क्षेत्र र प्राकृतिक स्रोतहरू आदिबाट उच्च प्रतिफल प्राप्त गर्न सकिन्छ । यस्तै, सामाजिक कल्याणमा आधारित लगानीले आधारभूत आवश्यकता सुनिश्चित गर्छ । अर्थात् सार्वजनिक सेवाहरू (जस्तै : विद्युत्, पानी, सरसफाइ, यातायात, स्वास्थ्य र शिक्षा) सुनिश्चित गर्न सामाजिक कल्याणमा आधारित लगानीको भूमिका हुन्छ । यी दुवै लगानीले नागरिकका लागि रोजगारीका अवसर पनि सिर्जना हुन्छन् ।

कुनै समय चामल निर्यात गर्ने देश नेपालले अहिले चामल आयात गरिरहेको छ । तसर्थ, बृहत् आर्थिक समृद्धिका लागि व्यापार घाटा र आयात माथिको निर्भरता घटाउन कृषि क्षेत्रको पुनरुत्थानलाई प्राथमिकता दिनुपर्छ । किसानको चाहना र माटोको प्रकृतिका आधारमा संगठित कृषि व्यवस्थाको अवधारणासहित राज्यले योजना बनाउनुपर्छ ।

खास जिल्ला वा गाउँलाई खास फलफूल, तरकारी, अन्न, तेलहन, जडीबुटी, पशुपन्छी, दुग्धजन्य पदार्थ आदिमध्ये कुनैको पकेट क्षेत्रका रूपमा विकास गर्न सकिन्छ । यस्तै, राज्यले कृषिलाई प्रोत्साहन गर्न र अनुकूल वातावरण सिर्जना गर्न उच्च गुणस्तरको बिउ, मल र सिँचाइको सुनिश्चितता गर्नुपर्छ । कृषि बजारसँगै उत्पादनहरूको भण्डारण र संरक्षणको व्यवस्था गर्न राज्यले सहयोग पुऱ्याउनुपर्छ । उच्च प्रतिफल दिने खेतीको अनुसन्धान र त्यसको कार्यान्वयनलाई राज्यले उच्च प्राथमिकतामा राख्न आवश्यक छ ।

पर्यटन अर्को राजस्वमूलक उद्योग हो । पर्यटन प्रवर्द्धनका लागि राज्यले सडक, केबुलकार, रेल, पार्क, संग्रहालय र अन्य आधारभूत पूर्वाधार हरूमा लगानी गर्नुपर्छ । यस्तै, तोकिएको मापदण्डका आधारमा पर्यटन क्षेत्रको व्यवस्थापन गर्न निजी क्षेत्रलाई दिइनुपर्छ ।

नेपाल जल, खनिज, ढुङ्गा, वनजन्य वस्तुहरू आदि स्रोत-साधनमा धनी छ । वातावरणमैत्री अवधारणासहित यस्ता स्रोत-साधनको प्रयोग वा उपयोगितामा राज्य अगाडि बढ्नुपर्छ । जस्तो : हाइड्रो इनर्जी निर्यात गरेरै धेरै प्रतिफल सिर्जना गर्न सकिन्छ । यस्तै, केही विपन्न समुदायलाई निःशुल्क उपलब्ध गराउन सकिन्छ ।

देशको भौगोलिक अवस्था एक अवसर पनि हो । विश्वमै सबैभन्दा धेरै जनसंख्या भएका र अर्थतन्त्रमा अगाडि रहेका दुई छिमेकी देशबाट नेपालले आर्थिक विकासका लागि धेरै फाइदा लिन सक्छ । बहुआयामिक रणनीति र चुस्त कूटनीतिबाट छिमेकीलाई केही वस्तु निर्यात गर्न सक्छौं । नेपालका उत्पादनहरू दुई छिमेकी देशका कमभन्दा कम जनताले मात्र प्रयोग गरे पनि देशको आम्दानी पर्याप्त हुन सक्छ ।

निजी क्षेत्रलाई नियमित नियमन गर्दै खुला बजारलाई प्रोत्साहन गर्न सकिन्छ । नियमनको उद्देश्य राज्यले निजी क्षेत्रलाई बन्देज लगाउने भन्ने होइन । राज्यले व्यवसायमैत्री वातावरण बनाउँदै विलासिता सेवाहरू र गैर आवश्यक उत्पादनहरूको जिम्मा निजी क्षेत्रलाई दिनुपर्छ । साथमा, निजी क्षेत्रले राज्यले तोकेको मूल्य र मापदण्ड पालना गरेको खण्डमा अत्यावश्यक वस्तु र सेवाहरूमा पनि योगदान गर्न सक्छ । उदाहरणका लागि निजी क्षेत्रले विद्युत्, इन्धन आपूर्ति, औषधि र कृषि उत्पादन, शिक्षण संस्था, स्वास्थ्य सेवा र सार्वजनिक यातायातको व्यवस्थापन गर्न सक्छ । तर सरकारले तिनीहरूलाई भारी कर लगाउनुपर्छ र नियमित नियमन गरिरहनुपर्छ ।

**३) शिक्षा**

शिक्षा कुनै पनि विकासको मेरुदण्ड हो । हरेक नागरिकको शिक्षाको सुनिश्चित गर्नु राज्यको दायित्व हो । शिक्षा सबै नागरिकका लागि निःशुल्क हुनुपर्छ । त्यो लक्ष्य हासिल गर्न राज्यले विद्यालय, कलेज, विश्वविद्यालय, व्यावसायिक संस्थाहरू र तिनका आवश्यक स्रोतहरू (जस्तै : शिक्षक, प्रयोगशाला, अनुसन्धान आदि)मा थप लगानी गर्नुपर्छ ।

सबै प्रकारका निजी र सार्वजनिक संस्थानहरूमा शिक्षाको मापदण्ड र नियमहरू कार्यान्वयन हुनुपर्छ । साथै यिनको कार्यान्वयन भए वा नभएको बारेमा अनुगमन भइरहनुपर्छ । सार्वजनिक शिक्षण संस्थाहरूमा निर्धारित मापदण्डहरू सुनिश्चित गर्नाले विद्यार्थीहरू निजीमा भन्दा बढी सार्वजनिक संस्थाहरूमा आकर्षित हुनेछन् ।

निजी शैक्षिक संस्थाहरू या त राष्ट्रियकरण गर्न जरुरी छ वा तिनको उचित नियमन र व्यवस्थापन गर्नु जरुरी छ । शिक्षा प्रणाली विशेषज्ञ तथा खास जनशक्ति उत्पादन गर्ने दृष्टिकोणमा आधारित अर्थात् गुणस्तरीय हुनुपर्छ, केवल प्रमाणपत्र छाप्ने प्रणाली बन्नु हुँदैन ।

*(साभार: रातोपाटी)*

# थला परेको लगानी बोर्डलाई थप अधिकार दिँदै प्रधानमन्त्री

काठमाडौं/विदेशी लगानी भित्र्याउन सहजीकरण गर्ने उद्देश्यले स्थापित लगानी बोर्ड नेपाललाई थप शक्तिशाली बनाउन कानुन संशोधनको तयारी गरिएको छ ।

बोर्डका सहसचिव प्रद्युम्न उपाध्याय लगानी बोर्डको कार्यालयलाई थप सशक्त बनाउन सार्वजनिक निजी साझेदारी तथा लगानी ऐन २०७५ को संशोधन मस्यौदा बनिरहेको बताउँछन् । 'लगानी बोर्ड गाइड हुने ऐनमा सुधार गरेर बोर्डको कार्यालयलाई अहिले भन्दा बढी बलियो संयन्त्र बनाउने तयारी हो', उनले भने ।

उपाध्यायका अनुसार बोर्डलाई स्वायत्त निकाय बनाउने र जनशक्ति व्यवस्थापनको पक्षमा सुधार गर्न्ने गरी ऐनको संशोधन मस्यौदा बनिरहेको छ ।

अहिले बोर्डमा अस्थायी र करारसहित विभिन्न कामका लागि सेवा करार गरेका परामर्शदाता कम्पनीका कर्मचारीको बाहुल्य छ । यस्ता कर्मचारी छिटो छिटो आउने-जाने गर्दा संस्थाको संस्थागत स्मरण कमजोर भएको निष्कर्ष सरकारको छ ।

सानो-सानो निर्णय पनि प्रधानमन्त्रीको अध्यक्षतामा बस्ने बोर्ड बैठकमै लैजानुपर्ने व्यवस्था हटाउने र प्रमुख कार्यकारी अधिकृतलाई थप अधिकार दिने गरी ऐन संशोधन गर्न लागिएको प्रधानमन्त्री कार्यालयका अधिकारीहरु पनि बताउँछन् ।

१० पुसमा आफ्नो एक वर्षको समीक्षा गर्दै प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले लगानी बोर्डलाई समन्वयकर्ताबाट कार्यमूलक निकाय बनाउने बताएका थिए । पछिल्लो एक वर्षको अवधिमा लगानी बोर्डमार्फत २ खर्ब ९२ अर्ब ५१ करोड रूपैयाँ बराबरको लगानी स्वीकृत हुनुलाई उत्साहजनक मान्न नसकिने बताएका उनले आगामी वैशाखमा लगानी सम्मेलन गर्नुअघि नै कानुनी र व्यवहारिक सुधार गर्ने धारणा राखेका थिए ।

हाल सार्वजनिक निजी साझेदारी र विदेशी लगानीका ठूला परियोजनामा लगानी बोर्डबाट लगानी स्वीकृत गराउनुपर्ने कानुनी व्यवस्था छ । नेपालको लगानी सम्बन्धी सर्वोच्च निकाय भएपनि कमजोर अधिकार क्षेत्रका कारण काम गर्न नसकेको भन्दै लगानी बोर्डको आलोचना हुने गरेको छ । बोर्डका एक अधिकारी अब धेरै कुरा प्रधानमन्त्री अध्यक्ष रहने बोर्डमा लैजानु नपर्ने गरी अधिकार दिन खोजिएको छ । ती अधिकारीले भने, 'त्यसका लागि कस्ता व्यवस्थाहरु हुन्छन् भन्ने अहिले स्पष्ट भइसकेको छैन ।'

बोर्डमा प्रधानमन्त्री अध्यक्ष र अर्थमन्त्री उपाध्यक्ष रहने कानुनी प्रावधान छ । ऊर्जामन्त्री, वनमन्त्री र उद्योगमन्त्री पनि बोर्डका सदस्य छन् । नेपाल सरकारका मुख्यसचिव, राष्ट्रिय योजना आयोगका उपाध्यक्ष, नेपाल राष्ट्र बैंकका गभर्नर पनि सदस्य छन् । उनीहरुबाहेक विषयगत मन्त्रालयका मन्त्री र विषय विज्ञ पनि सदस्य रहन्छन् ।

**थला बसेको बोर्ड**

२०६८ सालमा विदेशबाट ठूला लगानी भित्र्याउने र स्वदेशी ठूला लगानीलाई प्रोत्साहित गर्दै एकद्वार प्रणालीमा लैजाने परिकल्पना सहित गठन भएको लगानी बोर्डले अपेक्षाअनुसार काम गर्न सकेको छैन ।

त्यतिबेला बोर्डलाई लगानीकर्ताका लागि 'सहजीकरण केन्द्र' बनाउने भनिएको थियो । बोर्डमा उच्च व्यवसायिक व्यक्ति र विज्ञहरु राखेर लगानीकर्तालाई नेपालमा लगानी गर्न सहज गराउने उद्देश्य अनुरुप नै बोर्ड स्थापना गरिएको थियो । श्रीलंका, बंगलादेश लगायतका देशले यस्तै अभ्यास गरेको देखेपछि नेपालले समेत त्यसलाई पछ्याएको थियो ।

तर, नेपालमा बोर्ड स्थापना भएको ८ वर्षपछि मात्रै पहिलो सफल परियोजनाका रुपमा होङ्सी शिवम सिमेन्ट उद्योगले विदेशी लगानीमा उत्पादन थालेको थियो । त्यतिबेला सार्वजनिक निजी साझेदारी सम्बन्धी ऐन-२०७५ र विदेशी लगानी तथा प्रविधि हस्तान्तरण



सम्बन्धी ऐन २०७५ नबन्दासम्म बोर्डको क्षेत्राधिकारबारे ऊर्जासहित विभिन्न मन्त्रालयहरुसँग विवाद समेत थियो ।

निजी साझेदारी तथा लगानी ऐन, २०७५ ले ५०० मेगावाटको सट्टा २०० मेगावाट माथिका ऊर्जा परियोजना र १० अर्बमाथिको साटो ६ अर्ब रुपैयाँमाथिका लगानी परियोजनाको लगानी स्वीकृत गर्ने अधिकार लगानी बोर्डलाई दिएको थियो ।

निजी लगानी सम्बन्धी ऐन २०६३ र लगानी बोर्ड ऐन २०६८ ऐन खारेज गरेर यो ऐनले लगानी बोर्डले परियोजना छनोट र कार्यान्वयन गर्न अपनाउनुपर्ने विधिसहित १० वटा मोडालिटी तोकिदिएको थियो । यिनै व्यवस्थालाई विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन-२०७५मा पनि समावेश गरिएको थियो ।

बोर्डले कार्य क्षेत्र विवादलाई बहाना बनाएर काम गर्न नसकेको बताउँदै आएपनि पछिल्लो समयमा पनि बोर्डको कार्यशैलीमा खासै परिवर्तन आएको छैन । यसले सरकारभित्रै बोर्डको भूमिकाप्रति असन्तुष्टि छ ।

'लगानी बोर्ड अहिले काम गर्ने भन्दा बढी कुरा मात्रै गर्ने संस्था भएको छ, अध्ययनका नाममा परामर्शदाताहरु नियुक्त गर्ने ठाउँसमेत भएको छ', अर्थ मन्त्रालयका एक अधिकारी भन्छन्, 'लगानी सम्मेलन गरेर प्रतिस्पर्धा गरेजस्तै देखाएर स्वार्थ समूहको इच्छाअनुसार आयोजनाको लाइसेन्स बाँड्न पनि बोर्ड नै प्रयोग भइरहेको छ ।'

लगानीकर्तालाई विश्वासमा लिएर नेपालमा लगानीका लागि सहजीकरण गर्ने काममा बोर्ड खरो उत्रिन नसकेको विश्लेषण अर्थ मन्त्रालयसहित अरु सरकारी निकायको देखिन्छ ।

बरु ठूला परियोजनामा विचौलिया भनेर चिनिएका दीपक भट्टकै दाइ सुशील भट्ट बोर्डमा प्रमुख कार्यकारी अधिकृत नियुक्त भएपछि यो संस्था पनि स्वार्थ समूहको कब्जामा परेको टिप्पणी हुने गरेको छ ।

बोर्ड स्थापना भएपछि लगानीकर्तालाई एकद्वार प्रणाली मार्फत सेवा दिने भनिए पनि लगानीकर्तालाई मन्त्रालय र विभिन्न सरकारी निकाय धाउनुपर्ने व्यवस्था अन्त्य भएको छैन । किनभने बोर्डलाई लगानी स्वीकृत गर्ने र समन्वय गर्ने निकायका रुपमा तोकिए पनि लगानीकर्ताले अहिले पनि सार्वजनिक निजी साझेदारी तथा लगानी ऐनले निर्दिष्ट गरेअनुसार बोर्डबाट एकद्वार सेवा दिन सकेको छैन । उद्योग विभागमा खडा भएको एकल विन्दु सेवा केन्द्र समेत प्रभावकारी नभएपछि प्रधानमन्त्री प्रचण्डले अहिले पनि 'साँच्चिकैको एकद्वार प्रणाली'को रटान लगाइरहनु परेको छ ।

लगानी बोर्डबाट स्वीकृति लिएको माथिल्लो कर्णाली परियोजनामा लगानी जुटाउन नसकेपनि पूर्वतयारी सक्न काम गरि रहेको जीएमआरले अहिलेसम्म जग्गा प्राप्ति र वन क्षेत्र प्रयोगको प्रक्रिया टुंगो लगाउन सकेको छैन ।

यस्तै परियोजनामा छनोट भएर पनि काठमाडौंमा फोहोर व्यवस्थापन गर्न तम्सिएको नेपवेस्ट अहिले पनि काठमाडौं महानगरपालिकासहित विभिन्न नगरहरुमा परियोजना अघि बढाउन आग्रह गर्दै पुगिरहेको छ ।

यस्ता प्रशासनिक झञ्झट, जग्गा प्राप्ति र रुख कटानको समस्या लगायतका कारण नेपालमा विदेशी लगानीकर्ता लगानी गर्न इच्छुक देखिँदैनन् । लगानी बोर्डमाफर्त सहजीकरण भएर भारतीय सतलज विद्युत निगमको लगानीमा बनिरहेको ९०० मेगावाटको अरुण तेस्रो परियोजनामा पहुँचमार्गको विवाद समाधान हुन ६ वर्ष समय लाग्नुले नै बोर्डको कार्यशैली र क्षमता देखाउँछ । सतलजसँग नै परियोजना विकास गर्न एग्रिमेन्ट भइसकेको ६६९ मेगावाट क्षमताको तल्लो अरुण जलविद्युत परियोजनाको निर्माण कहिले सुरू हुन्छ भन्ने अनिश्चित छ ।

लगानी बोर्डका संस्थापक प्रमुख कार्यकारी अधिकृत राधेश पन्त लगानी सरुमा बोर्डलाई विदेशी लगानीका लागि सरकारको व्यवसायिक अनुहार (कमर्सियल फेस) बनाउन खोजिएको बताउँछन् । तर, अवधारणा अनुसार कानुनी व्यवस्था नहुँदा सुरुदेखि नै समस्या परेको उनी बताउँछन् ।

'करोडौं डलर लगानी गर्न आउनेहरुले सरकारसँग भेट्दा गैरराजनीतिक, उच्च व्यवसायिक संस्थासँग बसेर कुरा गर्न सक्ने र उसको सहयोगमा लगानी भित्र्याउन सक्ने वातावरण बनाउन खोजिएको थियो, तर सीईओ र विज्ञहरु करारमा राख्नुपर्ने र तोकिएका सर कारी अधिकारीहरु पनि ६-६ महिनामा सरुवा भइरहने गरी बोर्ड बन्यो', उनी भन्छन्, 'विज्ञहरु पनि करियरका लागि अन्यत्र हिँड्ने हुँदा संस्थागत स्मरणको समस्या सधैं रह्यो, यही कारण बोर्डले अपेक्षा अनुसार काम गर्न सकेन ।'

लगानी स्वीकृत भएका कुनै आयोजना जग्गाको मुआब्जा विवादमा अल्झिएका छन् । कुनै आयोजनामा लगानीकर्ताले लगानी जुटाउन सकेका छैनन् भने रुख कटान लगायतको प्रक्रियामा अल्झिएका छन् ।

केही आयोजना प्रारम्भिक अध्ययनको चरणबाट अघि बढ्न सकेका छैनन् भने केही अध्ययनकै चरणमा छ । प्रतिबद्धता गरेका लगानीकर्ताको खोजी गरेर ल्याउनु पनि बोर्डलाई बोझिलो बनेको छ । लगानीका लागि तयार भएर आएका लगानीकर्तालाई कार्यान्वयन अवधिसम्म टिकाइराख्न पनि चुनौती छ ।

**अधिकांश परियोजना अलपत्र**

स्थापना भएको १२ वर्षमा बोर्डमार्फत आएको विदेशी लगानीमध्ये अहिलेसम्म होङ्सी शिवम् सिमेन्ट र हुवासिन सिमेन्ट उद्योग मात्रै सञ्चालन भएका परियोजना हुन् । होङ्सीमा २५ अर्बको लगानी हुँदा १६ अर्ब नेपालकै बैंकहरुले चिनियाँ बैंकको जमानतमा ऋण दिएका हुन् । होङ्सीले ९ अर्ब ८२ करोड मात्रै प्रत्यक्ष वैदेशिक लगानी भित्र्याएको थियो । हुवासिनले भने १६ अर्ब रुपैयाँ विदेशी लगानी ल्याएको थियो ।

लगानी बोर्डले एक दशकदेखि पटक-पटक म्याद थप्दा पनि माथिल्लो कर्णालीमा भारतीय कम्पनी जीएमआरले लगानी नै जुटाउन सकेको छैन । बरु बोर्डलाई औपचारिक जानकारी समेत नदिई जीएमआरले भारतको सतलज विद्युत निगमलाई सो आयोजनामा सहलगानीकर्ताका रुपमा भित्र्याएको छ ।

लामो समय आयोजना होल्ड गरेर लगानी सम्झौता गर्ने बेलामा चिनियाँ कम्पनी थ्री गर्जेजले पश्चिम सेती जलविद्युत आयोजनाबाट हात झिकेको उदाहरण पनि छ । पश्चिम सेती आयोजना र सेती नदीका ६ आयोजनाहरु भारतीय कम्पनी एनएचपीसीलाई दिए पनि ती पनि अध्ययनमै सीमित छन् । नाइजेरियाको डांगोटे सिमेन्ट पनि लगानी स्वीकृतिको चरणमा भएको अलमलपछि आउन चाहेन ।

बोर्डले सहजीकरण गरिररहेका विभिन्न विदेशी लगानीका जलविद्युत परियोजनाहरु अन्योलकै अवस्थामा छन् । बोर्डले नेपालमै रासायनिक मल कारखाना खोल्ने गरी प्रक्रिया अघि बढाए पनि त्यतिकै अल्झिएको छ ।

काठमाडौं उपत्यकाको फोहोर व्यवस्थापनमा 'नेपवेष्ट' नामको विदेशी कम्पनीको लगानी भित्र्याउने प्रक्रिया अन्तिम चरणमा पुग्दा स्थानीय तहहरुलाई जिम्मा लगाएर बोर्ड चुप बसेको छ । बोर्डले अघि बढाउन खोजेको नागढुंगा-धुलिखेल मेट्रो रेल परियोजना अध्ययनमै सीमित छ । काठमाडौंमा बाहिरी चक्रपथ बनाउने, स्मार्ट सिटीहरु विकास गर्ने, चक्रपथमा ट्राम चलाउने लगायतका विकासका आयोजनाहरुमा पनि लगानी बोर्डले विदेशी लगानी भित्र्याउन सकेको छैन । हावाबाट ३ हजार मेगावाट बिजुली निकाल्न प्रस्तावित परियोजना पनि बीचमै हराएको छ ।

निजगढ अन्तर्राष्ट्रिय विमानस्थल, विशेष आर्थिक क्षेत्र सिमरा, चार पांग्रे सवारी उत्पादन कम्पनी, औद्योगिक पार्क, मल्टीमोडल लजिस्टिक पार्क लगायतका परियोजनाहरु अध्ययनकै चरणमा छन् ।

बोर्डका संस्थापक सीईओ पन्त लगानी बोर्डलाई स्वायत्त बनाएर बोर्डकै लागि लोकसेवा आयोगबाट छुट्टै कर्मचारी भर्ना गर्ने र संस्थाभित्रै वृत्ति विकासको अवसर सुनिश्चित गर्न सके बोर्डभित्र उच्च व्यावसायिकता विकास हुने बताउँछन् । यसअघि सार्वजनिक निजी साझेदारी तथा लगानी ऐन, २०७५ को मस्यौदाका क्रममा यस्तै व्यवस्था प्रस्ताव गरिएको तर त्यसलाई हटाएर पुरानै अवस्थामा बोर्ड चलाइएको पन्त बताउँछन् ।

'ठूलो लगानी लिएर आउनेहरुलाई सहजीकरण गर्ने निकायभित्र नै अस्थिरता भएपछि समस्या हुन्छ' उनले भने, 'बोर्डलाई बलियो बनाउने हो भने संस्थागतको संगठन व्यवस्थापनलाई दिगो, वैज्ञानिक र व्यवसायिक बनाउनुपर्छ ।'

विज्ञहरु लगानी बोर्डले अपेक्षित भूमिका निर्वाह गर्न नसक्दा त्यसको मूल्य देशले चुकाइरहेको बताउँछन् । कमजोर नेतृत्व, कार्यक्षेत्रको अन्योल र विवाद जस्ता कारणले पनि बोर्ड समस्यामा अल्झिएको उनीहरुको धारणा छ ।

ठूलो लगानी ल्याउने कुरामा आएको समस्या फुकाउन राज्यको भूमिका द्रुत र प्रभावकारी नहुँदा बोर्ड पनि त्यसमै पिल्सिन पुगेको उनीहरुको टिप्पणी छ । नेपालमा ठूला परियोजनाका एजेन्टहरुले गलत रुपले विदेशी लगानीकर्तालाई प्रयोग गर्दा पनि समस्या भएको बुझाइ कतिपयको छ ।

अर्थविद डा. रेशम थापा बोर्डले लगानीमैत्री नीति निर्माण गर्ने, सरोकारवालालाई विश्वासमा लिने, लगानीकर्तालाई आश्वस्त पार्ने, सरकारसँग समन्वयकारी भूमिका खेल्ने र आवश्यक पर्दा कानुन संशोधनको पहल लिन सक्नुपर्ने बताउँछन् ।

'लगानी बोर्डलाई दूरदृष्टि भएका वास्तविक रुपमै अर्थशास्त्र र लगानी व्यवस्थापन बुझेका विज्ञहरुबाट चलाउने अवधारणा थियो, तर सुरुबाटै बोर्डलाई उही निजी क्षेत्र र सरकारी संयन्त्र चलाइ रहनेहरुको वर्चश्व हुने परम्परागत ढंगको थप एउटा विकास प्रशासन संस्था बनाइयो', उनी भन्छन्, 'अहिलेसम्म पनि बोर्डले सुरुको अवधारणामा काम गर्न पाएको छैन ।'

*(स्रोत: अनलाइनखबर)*

# एक्सन फिल्म बनाउँदै प्रियंका



काठमाडौं/करिब ५/७ वर्षअघि अभिनेत्री प्रियंका कार्कीको हरेक हप्ताजसो फिल्म रिलिज हुने गरेका थिए । त्यसमध्ये केही फिल्म सफल हुँदा उनलाई 'नम्बर वान अभिनेत्री' समेत भन्न थालिएको थियो । तर, जब उनले संख्यात्मक अभिनयमा जोड दिन थालिन्, त्यसपछि उनको करिअरको गति विग्रिएको छ । कुनै बेला मेकरको पहिलो रोजाईमा पर्ने गरेकी उनलाई अहिले विकल्पको रुपमा लिइन्छ ।

विवाहपछि उनले जम्मा दुईवटा फिल्ममा काम गरिन्, 'चि मुसी चि' र 'फूलबारी' । दुवै फिल्म गत वर्ष प्रदर्शनमा आएका थिए । 'चि मुसी चि' बक्स अफिसमा डिजास्टर हुँदा 'फूलबारी'ले जेनतेन लगानी उठायो । यसपछि प्रियंकाले कुनै फिल्ममा काम गरेकी छैनन् । बरु यो बीचमा उनी केही टेलिभिजन रियालिटी शोको जज (निर्णायक) बनिन् । अब भने उनी फिल्मको तयारीमा जुटेकी छन् ।

अर्को वर्ष प्रियंका दुईवटा फिल्ममा काम गर्दैछन् । त्यसमध्ये एउटा फिल्म उनी आफैंले निर्माण गर्नेछिन् । धुम्बाराहीमा सञ्चालनमा आएको मनोरञ्जन पार्क 'उप्स'को सोमबार उद्घाटन गर्ने क्रममा उनले फिल्मबारे भनिन्, '२०८१ मा म २ वटा फिल्ममा काम गर्दैछु । त्यसमध्ये एउटा आफ्नै होम प्रोडक्सनको हुन्छ । फिल्म एक्सन-थ्रीलर कथामा बन्नेछ । त्यसैका लागि अहिले तयारी भैरहेको छ ।'

प्रियंकाले प्रष्ट रुपमा नखुलाए पनि होम प्रोडक्सनबाट बन्ने फिल्ममा आफ्नो एक्सन भूमिकामा रहने उनको संकेत छ । उनी आफैंले फिल्मको पटकथा लेखिरहेको जनाइएको छ ।

प्रियंकाले आफ्नो कम्पनी ट्वींकलबेल पिक्चर्सबाट यसअघि 'वसन्त' नामक एउटा सर्ट फिल्म र 'जस्ट अनादर लभ स्टोरी' वेब सिरिजको निर्माण गरिसकेकी छन् । अब उनी फिचर फिल्म निर्माणको अनुभव लिँदैछिन् ।

# ऋतिकको 'फाइटर' फ्लप कि हिट ?

काठमाडौं/गत वर्ष (२०२३) 'पठान' जस्तो ब्लकबस्टर फिल्म दिएका निर्देशक सिद्धार्थ आनन्दले अभिनेता ऋतिक रोशन र अभिनेत्री दीपिका पादुकोणलाई लिएर बनाएको फिल्म 'फाइटर' बक्स अफिसमा दम तोड्ने अवस्थामा पुगेको छ । २४ करोडको ओपनिङ गरेको फिल्मलाई घरेलू बजारबाटै लगानी सुरक्षित गर्न चुनौती देखिएको छ । यो फिल्म २ सय ५० करोडको लागतमा निर्माण भएको हो ।

विकेन्ड अर्थात् तीन दिनमा ९३ करोड ४० लाख कमाएपछि फिल्मको व्यापारमा ठूलो गिरावट आएको छ । दोस्रो हप्ताको शुक्रबार र शनिबार व्यापारमा केही सुधार देखिए पनि आइतबारबाट फेरि खस्कियो । फिल्मले १२औं दिनसम्ममा भारतीय बजारबाट १ सय ७८ करोड ६० लाख कमाएको इन्डिया टाइम्सले उल्लेख गरेको छ । फिल्मको विश्वव्यापी कलेक्सन भने ३ सय करोड नाघेको छ ।

इन्डिया टाइम्सका अनुसार, सोमबारबाट भारतमा फिल्मको अकुपेन्सी १० प्रतिशतभन्दा तल देखिएको छ । र, व्यापार ३ करोडमा झरेको छ । जसले गर्दा अब फिल्मलाई २ सय करोडको आँकडा पनि टाढा बनेको छ । फिल्मले घरेलु बजारबाटै लगानी उठाउन झण्डै ३ सय करोड कमाई गर्नुपर्ने ट्रेड एनालिस्टहरुको तर्क छ । फिल्मको गिर्दो व्यापार हेर्दा यो अंक अब असम्भव नै देखिन्छ ।

'फाइटर' व्यापारिक हिसाबमा अब्बल बन्न चुकेको भए पनि समीक्षा अब्बल मिलेको छ । बलिउडमा पहिलोपटक एरियल एक्सन फिल्म बनेको हो । फिल्मको एरियल एक्सनको दृश्य, छायांकन, सम्पादन, अभिनय, निर्देशन पक्षको जबर्जस्त प्रशंसा भएको छ । तर, 'फाइटर'को बक्स अफिस अंकले बलिउडलाई ठूलो झट्का लागेको छ । नेपालका वितरकलाई समेत फिल्मले डुबाएको छ ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop

*The complete office solution*

*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*

*tonerhouse_htd@yahoo.com*

हेटौंडामै उत्पादित

सुदिन ड्राइमिट






Ready To Eat

हाम्रा विशेषताहरू:

- ग्याँस ओभनबाट उत्पादन गरिने ।
- हानिकारक धुवाँको असर नहुने ।
- १२ प्रकारका घरायसी मसलायुक्त ।
- तत्काल खान मिल्ने ।
- खाद्य सुरक्षणको लागि केमिकल (Preservative) प्रयोग नभएको ।

सुदिन प्याकेजिङ्ग उद्योग

हेटौंडा-४, मकवानपुर

९८४५२६२५२२, ९८५५०७२६२३

# श्रीस्टारलाई हराउँदै साविक विजेता एपीएफ सेमिफाइनलमा

साझाकुरा संवाददाता

हेटौंडा, २३ माघ/ हेटौंडामा जारी छैठौं स्थानीय तह शहीदस्मृति मकवानपुर गोल्डकपमा डिफेन्डिङ च्याम्पियन विभागीय टोली एपीएफ क्लबले जित निकालेको छ ।



गोल्डकपको पहिलो संस्करण (२०६४) को विजेता थ्रीस्टारलाई पाँचौ संस्करको विजेता एपीएफले ०-४ गोलको फराकिलो अन्तरले पराजित गरेको हो । हेटौंडा-६, स्थित गौरीटार रंगशालामा मंगलबार भएको अन्तिम क्वाटर फाइनल खेल जित्दै एपीएफले २५ माघ बिहीवार हुने दोस्रो सेमिफाइनल खेलमा बागमती क्लब सर्लाहीसँग भेट पक्का गरेको छ ।

एपीएफले पहिलो हाफको अतिरिक्त समयमा एनिसेटको गोलबाट अग्रता लिएको थियो ।

एनिसेटको फ्रिकक प्रहार सेकेण्ड बारमा ठोक्किँदै गोल भयो । दोस्रो हाफको ४८ औं मिनेटमा एपीएफका अनिष महर्जनले अग्रता दोब्बर बनाए । डिबक्सभित्र विपक्षी डिफेन्रले मार्क गर्न चुकेकोमा मौका उठाउँदै महर्जनले हेडमार्फत बललाई जाली चुमाए ।

एपीएफले प्रदीप लामाको गोलमा अग्रता फराकिलो बनायो । ५९ औं मिनेटमा कुलदीप कार्कीको सशक्त प्रहारलाई डिबक्स भित्रै मौका कुरिरहेका लामाले वान टच बललाई पोष्टको दिशा दिएका थिए । एपीएफको फराकिलो जितका लागि सर्ज सिङले ७७ औं मिनेटमा चौथो गोल गरे । खेलको म्यान अफ दी म्याच प्रदीप लामा भएका छन् । उनले १० हजार पुरस्कार पाए ।

गोल्डकपमा बुधवार पहिलो सेमिफाइनल खेलमा राजारानी एफसी, धनकुटा र न्युरोड टिम (एनआरटी) बीच हुनेछ । राजारानी धनकुटाले सोमबार विभागीय टोली त्रिभुवन आर्मी क्लबलाई पराजित गरेको थियो ।

# बालबोधमा अक्षयकोष स्थापना

साझाकुरा संवाददाता

हेटौंडा, २३ माघ/ हेटौंडा उपमहानगरपालिका-१७ मा रहेको बालबोध माध्यमिक विद्यालयमा जेहेन्दार तथा बिपन्न परिवारका बालबालिकालाई अध्यापन गराउन अक्षयकोष स्थापना गरिएको छ ।

विद्यालयको ७३ औं वार्षिकोत्सवको सन्दर्भ पारेर पूर्वव्यवस्थापन समितिका अध्यक्ष बसन्त रोक्का र राजु अधिकारीले विद्यालयका लागि अक्षयकोष स्थापना गरेका हुन् । वार्षिकोत्सवको समापनमा बोल्दै पूर्वअध्यक्ष रोक्काले ५० हजारबाट १ लाख रुपैयाँ जम्मा गर्ने घोषणा गरे । अधिकारीले २० हजार रुपैयाँ अक्षयकोषका लागि जम्मा गरिसकेको विद्यालयका प्रधानाध्यापक दीपकलाल श्रेष्ठले बताए । अक्षयकोषलाई बिस्तारै बढाउँदै लैजानका लागि सहयोगीको खोजी गरिने उनले जानकारी दिए ।

सप्ताहव्यापी कार्यक्रम गर्दै मनाइएको विद्यालयको ७३ औं वार्षिकोत्सव हेटौंडा उपमहानगरपालिका नगरप्रमुख मीनकुमारी लामाले समापन गरेकी हुन् । समापनमा वार्षिकोत्सवको सन्दर्भमा आयोजित बिभिन्न क्रियाकलाप सहित विद्यालयमा अध्ययन/अध्यापनमा उत्कृष्ठ घोषित भएका शिक्षक विद्यार्थीलाई पुरस्कृत गरिएको थियो । समारोहको समापन गर्दै नगरप्रमुख लामाले अभिभावक र शिक्षक मिले विद्यालयलाई उत्कृष्ठ बनाउन मद्दत पुग्ने बताइन् ।

अभिभावकले विद्यालयमा अध्ययनका लागि जाने छोराछोरीको ख्याल गर्ने र शिक्षकले गुणस्तरीय शिक्षाका लागि मेहनत गरे विद्यालयलाई अब्बल हुनबाट कसैले रोक्न नसक्ने बताइन् । निजी विद्यालयमा अध्यापन गराउने शिक्षकको जस्तो मेहनत र लगनशिलता भए सामुदायिक विद्यायलमा विद्यार्थी संख्यामा कमी नआउने नगर प्रमुख लामाको भनाई थियो ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष प्रदीप अर्यालको अध्यक्षतामा भएको कार्यक्रममा हेटौंडा-१७ का वडाअध्यक्ष उद्धब सत्याल, विद्यालयका निवर्तमान सल्लाहकार कमलबहादुर बिष्ट, हेटौंडा उपमहानगरपालिका बिज्ञसल्लाहकार कृष्णप्रसाद धिताल, नबराज बिष्ट र बसन्त रोक्काले मन्तव्य व्यक्त गरेका थिए । २००८ सालमा स्थापना भएको विद्यालयमा अहिले ५१५ जना विद्यार्थी अध्यनरत छन् । विद्यालयले कक्षा ९ र १० मा अध्यापन गर्ने छात्रालाई घरबाट विद्यालयसम्म आउनका लागि सहज होस् भनेर साइकल बितरण गरेको छ ।

# जुनियर तेक्वान्दोमा जाने खेलाडीको बिदाई

साझाकुरा संवाददाता



हेटौंडा, २३ माघ/चौथो संस्करणको बागमती प्रदेशस्तरीय जुनियर आमन्त्रण तेक्वान्दो प्रतियोगितामा हेटौंडा उपमहानगर पालिकाको तर्फबाट सहभागी बन्ने खेलाडीको बिदाई गरिएको छ ।

माघ २५ गते बिहीवार देखि सनिवारसम्म काठमाडौंमा हुने प्रतियोगितामा सहभागिता जनाउँने बिभिन्न तौल समूहका खेलाडीलाई हेटौंडा उपमहानगरपालिका नगर प्रमुख मीनाकुमारी लामा, उपप्रमुख राजेश बानियाँ, प्रमुख प्रशासकीय अधिकृत शिवराज चौलागाई र नगर खेलकुद विकास समितिका अध्यक्ष रबिन्द्र घिमिरेले बिदाई गरेका हुन् ।

काठमाडौं महानगर पालिकाको मुख्य प्रायोजनमा जैशिदेवल युथ क्लबको आयोजनामा हुने मेयरकप तेक्वान्दो प्रतियोगितामा मकवानपुरबाट २० जना खेलाडीले सहभागिता जनाउँनेछन् । प्रतियोगिताका लागि हेटौंडा उपमहानगरपालिकाबाट पुरुष १० र महिला १० गरी २० जना खेलाडी छनोट भएका छन् ।

छनोट हुनेमा महिलातर्फ शितल बर्तौला, माधुरी घलान, निर्जला माझी, सुहासना रानामगर, सुस्मा घलान, सुजना कुँवर, रोशनी मोक्तान र अनिशा बिक रहेका छन् । पुरुषतर्फ विवेक श्रेष्ठ, कृष थिङ, संयोग माझी, प्रिन्स शाह, असिम कुँवर, सुशान्त श्रेष्ठ, जेनिश कार्की र कार्साङ थिङ रहेका छन् । यस्तै, पुम्सेतर्फ सुहान गुरुङ, चाँदनी हुयु, कविन राई र रोशनी राई रहेका छन् ।

हेटौंडा उपमहानगर पालिका भित्रका खेलाडीबीच प्रतिस्पर्धा गराई प्रत्येक तौल समूहमा प्रथम हुने खेलाडीलाई छनोट गरिएको मकवानपुर जिल्ला तेक्वान्दो संघका अध्यक्ष लालकाजीरत्न बज्राचार्यले बताए ।

सहभागी भएका खेलाडीको प्रतिनिधित्व गर्न टिम कोचको रुपमा तेक्वान्दो कार्यसमितिका सचिव विक्रम लामिछाने र म्यानेजरको रुपमा रवीन्द्र डंगोल माघ २४ गते काठमाडौं जानेछन् । उपमहानगरको प्रतिनिधित्व गर्दै जाने खेलाडी तथा कोचलाई नगरप्रमुख र उपप्रमुखले बिजयी बनेर फर्कन शुभकामना दिएका थिए ।

# गौतम बुद्ध क्रिकेट रंगशालामा बागमती सरकारले ७० प्रतिशत बजेट लगानी गर्ने



साझाकुरा संवाददाता

हेटौंडा, २३ माघ/ कलाकारद्वय धुर्मुस-सुन्तलीले सुरु गरेर बजेट अभावका कारण अलपत्र अवस्थामा छाडेको गौतम बुद्ध क्रिकेट रंगशाला निर्माण सम्पन्न गर्नका लागि बागमती प्रदेशले ७० प्रतिशत बजेट लगानी गर्ने भएको छ ।

प्रदेश सरकारको मंगलबार बसेको बैठकले चितवनको भरतपुरमा निर्माणाधीन गौतमबुद्ध अन्तराष्ट्रिय क्रिकेट रंगशाला निर्माणको पहिलो चरणका लागि ७५ करोड बराबर लागत अनुमानको ७० प्रतिशत प्रदेश सरकारले ब्यहोर्ने र स्रोत सुनिश्चित गर्ने निर्णय गरेको हो ।

कलाकार सीताराम कट्टेल र कुन्जना घिमिरेको धुर्मुस-सुन्तली फाउन्डेसनले १९ करोड रुपैयाँ ऋण लागेको भन्दै दुई वर्षअघि निर्माणको काम छाडेको थियो । संघीय सरकारको निर्णयसँगै बागमती प्रदेश सरकार र भरतपुर महानगर पालिकाले मिलेर रंगशालाको बाँकी कामलाई पूर्णता दिने सम्झौता गरेका थिए । रंगशालाको लागत अनुमान गरेर ७० प्रतिशत प्रदेश सरकार र बाँकी ३० प्रतिशत स्थानीय सरकारको रुपमा भरतपुर महानगरले गर्ने समझदारी बनेको थियो ।

सोही समझदारी अनुसार प्रदेश सरकारले मन्त्रीपरिषद्मार्फत सम्झौताको अनुमोदन गर्दै स्रोत सुनिश्चित गर्ने निर्णय गरेको हो । बागमती प्रदेश खेलकुद विकास परिषद्का सदस्यसचिव सूर्यलाल भण्डारीले प्रदेश सरकारको निर्णयसँगै रंगशाला निर्माणको कामले गति लिने बताए । उनले प्रदेश सरकारको निर्णयले क्रिकेट विकासमा महत्वपूर्ण भूमिका खेल्ने उल्लेख गरेका छन् ।

# बालजागृति र सोलिडाइरेटिको बिजयी सुरुवात

साझाकुरा संवाददाता

हेटौंडा, २३ माघ/ हेटौंडा-४ हुप्राचौर मैदानमा सुरु भएको निरज श्रेष्ठ स्मृति दोश्रो विद्यालयस्तरीय टि-२० क्रिकेट प्रतियोगिता-२०८० मा बालजागृति र सोलिडायरिटीले बिजयी सुरुवात गरेका छन् ।

मंगलबार भएको उद्घाटन खेलमा बालजागृतिले जेनिथलाई ८ बिकेटले र सोलिडायरिटीले भानु माविलाई ८ बिकेटले पराजित गरेका हुन् । प्रतियोगिताको पहिलो खेलमा व्याटिङ गरेको जेनिथले ११ दशमलव २ ओभर खेल्दै १० बिकेटको क्षतिमा ४९ रन बनाएको थियो । ५० रनको बिजय लक्ष्य लिदै मैदानमा आएको बालजागृतिले ५ दशमलब २ ओभर खेल्दै २ बिकेटको क्षतिमा बिजय लक्ष्य प्राप्त गरेको थियो ।

त्यस्तै दोश्रो खेलमा व्याटिङमा आएको भानु माविले १३ दशमलब ५ ओभरमा १० बिकेट गुमाउँदै ५८ रन जोडेको थियो । ५९ रनको बिजय लक्ष्य लिएर मैदानमा आएको सोलिडायरिटीले ५ दशमलब २ ओभरमा २ बिकेटको क्षतिमा बिजय लक्ष्य प्राप्त गरेको थियो । प्रतियोगिताको हेटौंडा उपमहानगर पालिका नगरप्रमुख मीनाकुमारी लामाले उद्घाटन गरेकी हुन् । प्रतियोगिताको उद्घाटन गर्दै नगर प्रमुख लामाले नगरको खेलकुदको गतिबिधिलाई अघि बढाउन पूर्वाधार निर्माण र खेलाडी उत्पादनमा ध्यान दिइरहेको बताइन् । उनले खेलकुदको विकासका लागि उपमहानगरले लगानी गरिरहेको बताइन् ।

काठमाडौंमा हुने बागमती प्रदेशस्तरीय यू-१६ खेल्नका लागि छनोटका लागि मकवानपुरबाट प्रतिनिधित्व गर्ने १२ जना क्रिकेट खेलाडीलाई बिदाई गरिएको छ । पोखरामा हुने मनमोहन मोमोरियल कपका लागि प्रदेशस्तरीय छनोटमा जिल्लाको प्रतिनिधीत्व गर्दै उनीहरु काठमाडौं गएका हुन् । मकवानपुरले नुवाकोट र काठमाडौंसँग छनोट खेल खेल्ने क्रिकेट संघ मकवानपुरले जनाएको छ ।

छनोट खेल्न जाने टोलीमा रोहित ठाकुर, राज खतिवडा, आवर्त भट्टराई, शिवम कुशवाह, चिराग डंगोल, आरभ गुप्ता, करन अग्रवाल, आदित्य पटेल, अरबिन्दप्रसाद यादव, आशिक अधिकारी, शिबशक्ति महतो र रोशन यादव रहेका छन् । उनीहरुलाई नगरप्रमुख लामा, बागमती प्रदेश खेलकुद विकास परिषद् सदस्यसचिव सूर्यलाल भण्डारी, शिक्षाविद् पुरण बहादुर जोशी, बागमती प्रदेश खेलकुद विकास परिषद् सदस्य माधब तिमल्सिना, मकवानपुर जिल्ला खेलकुद विकास समिति अध्यक्ष भेष खड्गी, कार्यालय प्रमुख माधब कोइराला, फुटबल संघका बागमती प्रदेश महासचिव लभराज ठकुरी लगायतले बिदाई गरे ।

# नि:शुल्क नेपाली ब्याकरण उपलब्ध गराउँदै लेखक भुजेल

साझाकुरा संवाददाता

हेटौंडा, २३ माघ/ नेपाली भाषाका शिक्षक तथा माध्यमिक तहका लागि उपयोगी नेपाली ब्याकरणका लेखक ध्रुवकुमार भुजेलले हेटौंडा-९ स्थित प्रगति माविका विद्यार्थीलाई व्याकरण पुस्तक नि:शुल्क उपलब्ध गराएका छन् ।

प्रगति माविमा कक्षा ११ मा अध्ययनरत ६२ जना विद्यार्थीलाई भुजेलले 'उपयोगी नेपाली व्याकरण तथा रचना' पुस्तक नि:शुल्क वितरण गरेका हुन् । लेखक भुजेलले आफैंले लेखेको यो पुस्तक मकवानपुरका विभिन्न विद्यालयका विद्यार्थीलाई नि:शुल्क वितरण गरिएको छ । कक्षा ११ र १२ का लागि उपयोगी हुने सो व्याकरण हेटौंडा-१३ को महेन्द्र मावि, हेटौंडा-१४ को जनज्योति मावि, मकवानपुरगढीको भानु माविलगायत विद्यालयका विद्यार्थीलाई वितरण गरिएको लेखक भुजेलले बताए ।

उनले मकवानपुरका ५ सय विद्यार्थीलाई नि:शुल्क ब्याकरण पुस्तक वितरण गर्न लागेको बताए । पुस्तक प्राप्त गरेपछि विद्यार्थीले नेपाली भाषा विषयको पढाइलाई सहयोग पुग्ने भन्दै खुशी व्यक्त गरेका छन् । यसैगरी प्रगति माविका प्रधानाध्यापक निरन्जनप्रसाद ढकालले लेखक भुजेलले विद्यार्थीलाई नि:शुल्क पुस्तक उपलब्ध गराएकोमा धन्यवाद व्यक्त गर्दै भुजेलको योगदानलाई विद्यालयले सधैंभरि सम्झिरहने बताए ।

सप्तरी, मकवानपुरलगायत जिल्लामा करिव ३८ वर्ष शिक्षण गरेका लेखक भुजेलले जिल्ला शिक्षा कार्यालय मकवानपुर, सप्तरीबाट प्रशंसापत्र प्राप्त गरेका छन् । यसैगरी विभिन्न विद्यालय र मकवानपुरगढी गाउँपालिकाले सम्मान गरेको छ । हाल सेवानिबृत्त जीवन बिताइरहेका भुजेल लेखनकार्यमा ब्यस्त छन् ।


## ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?

अब निराश नहुनुहोस्...

हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।

**हाम्रा विशेषताहरू:**




- अनलाइन फर्म भर्ने सुविधा ।
- रोड टेस्ट गराइन्छ ।
- दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
- लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
- गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।

**के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र**

**हेटौंडा-५, पिप्ले, मकवानपुर**

सम्पर्क: ९८४५१७९४१५, ९८१७२८४६१४, ९८४५६२३५६९


## ज्योती बचत तथा ऋण सहकारी संस्था लि.

## वार्षिक साधारणसभा सम्बन्धी सूचना !

यस ज्योती बचत तथा ऋण सहकारी संस्था लि.को प्रथम बार्षिक साधारणसभा मिति २०८० साल माघ २७ गते शनिबार हुने भएकोले सम्पूर्ण शेयर सदस्यहरुलाई पत्र पठाईसकेका छौं । यदी पत्र प्राप्त नभएको भए यसै सूचनालाई आधार मानी अनिवार्य उपस्थित भइदिनु हुन सम्पूर्ण शेयर सदस्यज्यूहरुलाई हार्दिक अनुरोध गर्दछौं ।

**कार्यक्रम**

**मिति :** २०८० माघ २७ गते शनिबार

**समय:** दिउँसो १२:०० बजे

**स्थान:** आश्री इन्टरनेशनल प्रा.लि., हेटौंडा-२, संगमचोक

**ज्योती बचत तथा ऋण सहकारी संस्था लि.**

हेटौंडा-२, मकवानपुर

## सूचना सूचना सूचना

यहि आउँदो २०८० साल फाल्गुण १ र २ गते श्रीपञ्चमीमा पौराणिक पद्धतिअनुसार सञ्चालन हुने ईहि-यज्ञ (सुवर्णकुमार वेल विवाह) मा सहभागी गराउन चाहने बच्चाहरुको नाम लेखाउन तलको ठेगानामा सम्पर्क राखी नाम लेखाउन अनुरोध गर्दछौं ।

**सम्पर्क:**

हरिश्चन्द्र श्रेष्ठ

राप्तीरोड-१०, हेटौंडा

९८४५५६८५९९

**आयोजक:**

**ईहि-यज्ञ (सुवर्णकुमार वेल विवाह) गुठी परिवार**

मकवानपुर हेटौंडा

## हार्दिक आमन्त्रण



**जन्म:** २०१२ साउन ८ गते

**स्वर्गारोहण:** २०८० माघ १३ गते

**स्व: अर्जुन बहादुर पौडेल**

हाम्रा पुजनीय पिता **अर्जुन बहादुर पौडेल** को ६८ बर्षको उमेरमा दु:खद् निधन भएकोमा उहाँको दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली प्रकट गर्दछौं । शोकको यस घडीमा हामीप्रति समवेदना प्रकट गर्नुहुने, सहयोग, सहानुभूति प्रकट गर्नुहुने सम्पूर्ण ईष्टमित्र, बन्धु बान्धव र आफन्तजनप्रति हार्दिक आभार प्रकट गर्दै अन्त्येष्ठीका क्रममा सागरमा पाल्नुहुने तथा घरमै आई समवेदना प्रकट गर्नुहुने महानुभावहरुलाई पितृप्रसाद ग्रहणको लागि हार्दिक आमन्त्रण गर्दछौं ।

**१३ औं दिनको पुण्यतिथि:**

**मिति** : २०८० माघ २५ गते बिहीबार

**समय** : दिनको २:०० बजे

**स्थान** : हेटौंडा-१, चौकीटोल (आफ्नै निवास)

| छोराहरू | बुहारीहरू | छोरीहरू | नाती/नातिनीहरू |
|---|---|---|---|
| रवीन पौडेल | मेनुका पौडेल | सरिता पौडेल | रोनिष पौडेल |
| प्रवीन पौडेल | रञ्जना पौडेल | झुमा पौडेल | रौनक पौडेल |
| नवीन पौडेल | पुष्पा पौडेल | | प्रनभ पौडेल |
| | | | पुसन्वी पौडेल |

असमर्थताको लागि : ९८४५२८६६९९

एवम्

**समस्त पौडेल परिवार**

हेटौंडा-१, चौकीटोल

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना